आर्थिक बर्ष : २०७६/७७
वैठक संख्या : ४
मिति : २०७६/०६/१५

आमचोक गाउँकार्यपालिकाको वैठक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईको अध्यक्षतामा देहाय अनुसारको कार्यपालिकाको पदाधीकारीहरुको उपस्थितिमा वसी देहाय अनुसारको निर्णयहरु पारित गरियो ।

तपशिल

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| ............ | श्री अशोक राई | : अध्यक्ष |
| ............ | श्री सीता राई | : कार्यपालिका सदस्य |
| ............ | श्री डम्बर बहादुर कार्की | : कार्यपालिका सदस्य |
| ............ | श्री भिम प्रसाद राई | : कार्यपालिका सदस्य |
| ............ | श्री गणेश बहादुर खत्री | : कार्यपालिका सदस्य |
| ............ | श्री नेत्र बहादुर खत्री | : कार्यपालिका सदस्य |
| ............ | श्री राम प्रसाद राई खालिङ | : कार्यपालिका सदस्य |
| ............ | श्री बम बहादुर बस्नेत | : कार्यपालिका सदस्य |
| ............ | श्री राज कुमार राई | : कार्यपालिका सदस्य |
| ............ | श्री उदि मान श्रेष्ठ | : कार्यपालिका सदस्य |
| ............ | श्री बम बहादुर श्रेष्ठ | : कार्यपालिका सदस्य |
| ............ | श्री वाल दिप राई | : कार्यपालिका सदस्य |
| ............ | श्री तुलसी माया ठाडामगर | : कार्यपालिका सदस्य |
| ............ | श्री पवित्र राई | : कार्यपालिका सदस्य |
| ............ | श्री अमरवहादुर वि.क. | : कार्यपालिका सदस्य |
| ............ | श्री सुक माया राई | : कार्यपालिका सदस्य |
| ............ | श्री लक्ष्मण हायु | : कार्यपालिका सदस्य |
| ............ | श्री याम बहादुर उपरकोटी | : सचिव |

आमन्त्रित

............श्री गोमा देवी राई : जिसस सदस्य

आमन्त्रित सचिवालयका कर्मचारीहरु

............ धनकुमार राई : तथ्याङ्क अधिकृत
............ ओमकार भट्टराई : नायव सुव्वा

अशोक राई
२०७६/६/१५
याम बहादुर उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

दशैं, तिहार तथा छठ पर्व एवम् उधौली साकेन्वा सेवा २०७६ को पावन अवसरमा सम्पुण गाउँपालिका वासी आमा–बुवा, दाजु–भाई दिदी बहिनीहरु तथा देश विदेशमा रहनु हुने महानुभावहरुमा सुख,शान्ति एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २

२०७६ असार साउन देखी भाद्र महिना सम्म परेको अविरल वर्षाको कारण सडक विभिन्न मितिमा क्षति पुगेको हुदाँ प्राविधिक लागत अनुमान, मुल्यांकन तथा टिप्पणीका आधारमा तपसिल बमोजिमको रकम अनुमोदन तथा भुक्तानी दिने निर्णय गरियो ।

क पाङ्चा नागि चखेवा सडक ( दारेगौडा दुम्माना वालंखा खण्ड ) रु.१,६७,५२०।३७

ख पाङ्चा नागि चखेवा सडक ( दारेगौडा दुम्माना वालंखा खण्डको वालंखा - पाङ्चा - दुम्माना ) रु.२,७०,६७२।४५

ग पाङ्चा नागि चखेवा सडक ( दारेगौडा दुम्माना वालंखा खण्डको दुम्माना - पाङ्चा ) रु २,८३,१९८।२३

निर्णय नं. ३

नेपाल सरकार राजश्व अनुदान चालु खर्च अन्तर्गत शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकको जम्मा रु ५० लाख बाट खर्च हुने गरि विद्यालयहरुमा इ-हाजिरी शिर्षकमा छुट्याएको रकम रु २ लाख लाई आमचोक ८ मा रहेको जनजागृति आ.वि. मा शिक्षक व्यवस्थापन गर्नको लागि रु ६० हजार र आमचोक ९ मा रहेको रहेको सरस्वति मा.वि. दुम्मानालाई नेवारी भाषा शिक्षणको लागि २ लाख रकम अपुग भएको हुदाँ थप रकम रु. १ लाख ४० हजार दिने निर्णय गरियो ।

निर्णय नं. ४

साविक वासिङ्थर्पु गा.वि.स. र हाल आमचोक गाउँपालिका वडा नं. १ को कार्यालयमा कार्यरत का.स. भविन्द्र कुमार विष्ट मिति २०६४।०८।२८ मा तत्कालिन वासिङ्थर्पु गा.वि.स.बाट स्थायि नियूक्ति पाई मिति २०७४।०४।०९ गतेका दिन अनिवार्य अवकास भएको हुदाँ निजलाई नियमअनुसार अवकास हुदाँ पाउने सुविधा रु ५,०८,००१।- (अक्षरुपी पाँच लाख आठ हजार एक रुपैयाँ) आमचोक गाउँपालिकाको कर्मचारी कल्यालकारी कोषमा संचित भएको रकमबाट खर्च हुने गरि उपलब्ध गराउने निर्णय गरियो ।

अशोक राई
अध्यक्ष

२०७६।८।१६
... बहादुर उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत